आज मिति २०७७।०७।२५ गते प्र.जि.अ. श्री कृष्ण कुमार निरौलाको अध्यक्षतामा जिल्ला कोभिड -१९ संकट व्यवस्थापन केन्द्रको बैठक बसी देहायानुसार निर्णय गरियो ।

उपस्थिति

| | |
|---|---|
| श्री कृष्ण कुमार निरौला, प्र.जि.अ. , जि.प्र.का. | - अध्यक्ष |
| श्री अञ्जन विष्ट, सेनानी , सु.से.मु. गमगढी | - सदस्य |
| श्री चित्र बहादुर भट्टराई, प्र.ना.उ. ,जि.प्र.का, | - सदस्य |
| श्री कमल नेपाली, प्र.ना.नि. स.प्र.वल, नं. ४५ गुल्म | - सदस्य |
| श्री प्रभाकर पन्थ, प्र. प्र. अ., रा.अ.जि.का. | - सदस्य |
| श्री पर्शुराम नेपाली, नि. प्रमुख, स्वा.से.का. | - सदस्य |
| श्री विश्वास उपाध्याय, नि.जि.स.अ. , | - सदस्य |
| श्री केशव ज्ञवाली, स.प्र.जि.अ.,जि.प्र.का. | - सदस्य सचिव |

सल्लाहकार

श्री पूर्ण बहादुर रोकाया, प्रमुख, जिल्ला समन्वय समिति ।

अन्य उपस्थिति

श्री सुन्तला रोकाया, नगर उपप्रमुख, छायाँनाथ रारा नगरपालिका ।

श्री प्रतिनिधि, नेकपा ।

श्री खगेन्द्र बहादुर मल्ल, उप सभापति, नेपाली काँग्रेस ।

श्री समाजवादी पाटी ।

श्री पारशमणी मल्ल, अध्यक्ष, अस्पताल विकास समिति ।

श्री कमल बहादुर बुढा, अध्यक्ष, उद्योग वाणिज्य संघ, मुगु ।

श्री नेपाल रेडक्रस सोसाइटी ।

श्री नेपाल पत्रकार महासंघ ।

श्री रुप बहादुर मल्ल, अध्यक्ष, नागरिक समाज, मुगु ।

निर्णयहरु

देहाय बमोजिमको निर्णय कार्यान्वयन गर्ने गराउने निर्णय गरियो ।

१) कोभिड -१९ को रोकथाम एवं नियन्त्रणका लागि विगतका निर्णयहरु कार्यान्वयनको प्रगति समिक्षा गरियो । कार्यान्वयन हुन नसकेका निर्णयहरु सबै सरोकारवाला निकायहरुले यथाशिघ्र प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गराउने ।

२) नेपाल सरकारले कोभिड-१९ को संक्रमण रोकथाम एवं नियन्त्रणको सन्दर्भमा गरेको निर्णय, आदेश, मापदण्ड आदिको सबै पक्षले प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गराउने ।

३) हाल जिल्लमा कोभिड-१९ को संक्रमित हुने संख्या निरन्तर वृद्धी भै रहेको सन्दर्भलाई ध्यानमा राखी निम्नानुसारको न्यूनतम पुर्वाधार निर्माण एवं विस्तारका लागि प्रदेश सरकार/ संघीय सरकार समक्ष माग गर्ने ।

क. जिल्ला अस्पतालमा १० बेडको आइसोलेसन बाहेक कुनै पूर्वाधार नभएकाले उक्त अस्पतालमा कम्तिमा २५ बेडको अक्सिजन सहितको आइसोलेसन स्थापना एवं विस्तार, कम्तिमा ३ बेडको आईसियु स्थापना र कम्तिमा २ वटा भेन्टिलेटर यथाशिघ्र स्थापनाका लागि अनुरोध गर्ने ।

ख. जिल्ला अस्पतालमा नै *PCR* गर्न सक्ने गरी यथाशिघ्र पूर्वाधार तयार गर्न छायाँनाथ रारा न.पा. लगायत सबै स्थानीय तहमा अनुरोध गर्ने ।

ग. जिल्लमा हाल *PCR* मेशिन नभएकाले स्वाब संकलन र परीक्षणको कार्य गर्न नसकिएको हुँदा ८००० (आठ हजार) थान एनटिजेन किट यथाशिघ्र उपलब्ध गराउन स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, ,रामशाहपथ काठमाण्डौ र सामाजिक विकास मन्त्रालयमा अनुरोध गर्ने ।

घ. सबै गाउँपालिकाहरुमा कम्तिमा १/१ जना चिकित्सक, अक्सिजन सहितको कम्तिमा ७ बेडको आइसोलेसन स्थापना गरी यथाशिघ्र संचालनका लागि अनुरोध गर्ने ।

४) जिल्लामा कोभिड-१९ को संक्रमण रोकथाम र नियन्त्रणका लागि सबै स्थानीय तहहरुबाट निम्न कार्यहरु यथाशिघ्र गर्ने गराउने ।

क. यस विषयमा नेपाल सरकारले गरेका निर्णय, कार्यविधि, मापदण्डको पालना गर्ने गराउने ।

ख. वडा/वस्ती/टोलहरुमा व्यापक रुपमा माइकिङ, प्रचार प्रसार गर्ने । सचेतना सम्बन्धी पर्चा, पम्पलेट, फल्यासबोर्डहरु छपाई व्यापकरुपमा सचेतना जगाउने ।

ग. आ-आफ्नो पालिकाहरुको परीक्षणको दर बढाउन *VTM/* एनटिजेन किटहरु खरिद गरी परिक्षणको दायरा बढाउने । प्रारम्भिक आइसोलेसनहरुको प्रभावकारी रुपमा संचालनको व्यवस्था गर्ने गराउने । विभिन्न स्रोतहरु जुटाई कम्तिमा ५ वटा अक्सिजन सिलिण्डर सहितको आइसोलेसनको व्यवस्था यथाशिघ्र मिलाउन अनुरोध गर्ने ।

घ. ,पालिकाका स्वास्थ्य संस्थाहरुमा औषधी/उपकरणहरु हिमपात हुनु पूर्व नै खरिद गरी भण्डारण र वितरणको व्यवस्था मिलाउने ।

ङ. वडा/वस्तीहरुमा स्वास्थ्यकर्मी, स्वयमं सेवकहरुको व्यापक परिचालन गरी संक्रमितहरु फेलापरेमा आइसोलेसन/होम आइसोलेसनमा प्रभावकारी रुपमा राख्ने व्यवस्था मिलाउने ।

च. पालिकाक्षेत्र भरी ठुलो जमघट हुने जात्रा, पर्व, खेलकुद सास्कृतिक कार्यक्रम जस्ता कुनै कार्यक्रम हुन नदिने ।

छ. तिहार, छठ पर्वमा देउसी, भैलो खेल्न नदिने जिल्ला प्रशासन कार्यालयबाट मिति २०७७।०७।२४ जारी आदेशको पालना गर्ने गराउने ।

ज. 'माक्स, साबुन, स्यानिटाइजहरु वडा/वस्ती स्तरमा व्यापक रुपमा वितरण गर्ने । आवश्यकता अनुसार राहत समाग्रीहरुको वितरणलाई प्रथमिकता दिने ।

५. जिल्ला स्थित सबै राजनीतिक दलहरुले आ-आफ्ना कार्यकर्ता परिचालन गरी व्यापकरुपमा सचेतना फैलाउन प्रचार प्रसार गर्ने गराउने । सदरमुकाम पालिका केन्द्र धेरै मानिस जमघट हुने स्थलहरुमा फल्यासवोर्डहरु बनाई राख्ने व्यवस्था मिलाउने । यस विषयमा नेपाल सरकारले गरेका निर्णयहरु, मापदण्ड र आदेशको पालना गर्ने गराउने ।

६. जिल्ला स्थित सामाजिक संघ संस्थाहरुले मिति २०७७।७।१९ मा भएको समन्वय बैठकमा भएको निर्णय अनुसार जिल्ला विपद् व्यवस्थापन समिति, *DCCMC*, स्थानीय तह, सरकारी निकायहरुसंग समन्वयमा रही आवश्यक सहयोग एवं सहजीकरण गर्ने गराउने ।

७. जिल्ला विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना २०७७ छपाई गरी प्राप्त भै सकेको, हिमपात/चिसो आकस्मिक योजन, २०७७ जारी भएकाले सबै सरोकारवाला निकायहरुले त्यसको प्रभावकारी कार्यान्वयन योजना बनाई कार्यान्वयन गर्ने गराउने ।

८. जिल्लामा कोभिड-१९ को संक्रमण रोकथाम र नियन्त्रण कार्यमा खटिने माननीय सांसद एवं जनप्रतिनिधि, स्वास्थ्यकर्मी, सुरक्षा कर्मीहरु, राष्ट्र सेवक कर्मचारीहरु, स्थानीय तहका पदाधिकारी एवं कर्मचारीहरु, नेपाल रेडक्रस लगायत सबै संघ संस्थाहरु, पत्रकार, वुद्धिजिवी, उद्योगपति एवं व्यापारी, पत्रकार एवं संचारकर्मीहरु, नागरिक समाज, दातृ निकाय लगायत सम्पूर्ण सबैमा हार्दिक आभार सहित धन्यवाद ज्ञापन गर्ने । आगामी दिनमा पनि अझ प्रभावकारी रुपमा समन्वय एवं सहकार्यको आजको बैठक अपेक्षा समेत गर्दछ ।

९. कोभिड-१९ को संक्रमित व्यक्तिहरुलाई होम आइसोलेसनमा पनि राख्ने नेपाल सरकारको नीति भएकाले होम आइसोलेसनमा कसरी सुरक्षित हिसावले बस्ने भन्ने विषयमा सबै स्थानीय तह, गैर सरकारी संघ संस्थाहरुले विभिन्न माध्यामहरुबाट व्यापक प्रचार प्रसार गर्ने गराउने ।

१०. कोभिड-१९ को विषयमा सचेतना जगाउने हेतुले जिल्ला विपद् व्यवस्थापन समिति र जिल्ला प्रशासन कार्यालयले छपाएको फल्यासवोर्ड र पर्चा जस्तै सबै सरकारी, गैर सरकारी निकाय, स्थानीय तह, राजनीतिक दलहरुले समेत बनाई व्यापक रुपमा सचेतना अभियान संचालन गर्ने ।